खाँदबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खाँदबारी, सखुवासभा

प्रदेश नं. १

## खाँदबारी नगरपालिकाको आयमुलक भवन ठेक्का सम्बन्धी शिलवन्दी कवोल पत्र पेश गर्ने वारेको सुचना ।

**प्रथम पटक प्रकाशित मिति २०७४/१२/१३ गते (पाखिवास सात्ताहिक पत्रिका)**

यस खाँदबारी नगरपालिका नगर कार्यपालिकाको मिति २०७४ /१२/०६ गतेको निर्णय वमोजिम खाँदवारी नगरपालिका वडा नं. १ अन्तर्गत पोखरी बजारमा रहेको आय मुलक भवन आ.व. ०७५/०७६ (२०७५।०४।१ **गते देखि २०७८ अषाढ मसान्त सम्म** ) मा ३ (तिन वर्षको) लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० (तिस) दिन भित्र देहायका शर्त अनुसार शिलवन्दी कवोल पत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. शिलवन्दी कवोल पत्र साथ निवेदन , नागरिकताको फोटोकपि र रु ३००।- (अक्षेरुपि तिन सय मात्र) को यस कार्यालयको रा.वा.बैंक शाखा कार्यालय खाँदबारीमा रहेको खाता नं. ग-४-१/२०८०३०४०१८१०२ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस नगरपालिका कार्यालयमा बुझाएको नगदी रसिद संलग्न भएको हुनु पर्नेछ ।

२. न्यूनतम कवोल अंक देहाय अनुसार तोकिएको छ ।

(क) खा.न.पा वडा नं. १ पोखरी बजारमा रहेको आय मुलक पुरै भवनको लागि वार्षिक न्यूनत्म शिलवन्दी कवोल अंक रु. २०००००।- (दुई **लाख मात्र** ) कायम गरिएको छ । सो भन्दा बढी कवोल कर्ताले कवोल गर्नु पर्नेछ ।

३. कवोल पत्र सूचना प्रकाशित भएको मितिले ३१औं (एकतिसौं) दिनको ठीक १२.०० बजे भित्रमा यस नगर कार्यपालिकाको कार्यालयमा शिलवन्दी कवोल पेश गर्नु पर्नेछ । रितपूर्वक पर्न आएको शिलवन्दी कवोल पत्रहरु सोहि दिनको २.०० बजे कवोल पत्र कर्ताहरुको उपस्थितिमा खोलिनेछ । कवोल कर्ताहरु उपस्थिति नभए पनि कवोल पत्र खोल्न वाधा परेको मानिने छैन ।

४. कवोल पत्र कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार नगर कार्यपालिका कार्यालयमा निहित रहनेछ ।

५. कवोल पत्र स्विकृत भएको ७ (सात) दिन भित्र आय मुलक भवन ठेक्का सम्झौता गरी सक्नु पर्नेछ । ठेक्का सम्झौता गर्दा गनी महशुल गर्ने वा मासिक , वार्षिक रुपमा कवोल अंक वरावरको रकम बुझाउने हो एकिन गरी निवेदन गर्नु पर्नेछ ।

६. मासिक वा (वार्षिक) रुपमा कवोल अंकको दामासहिले हुन आउने रकम मासिक वा (वार्षिक) रुपमा बुझाउने हो भने प्रत्येक महिनाको १० (दश) गते भित्र न.पा. कार्यालयको राजश्व शाखामा बुझाई नगदी रसिद लिनु पर्नेछ । मासिक हुन आउने रकम तोकिएको अवधिमा नबुझाएमा निम्न अनुसार रकम थप गरी असुल उपर गरिनेछ ।

**तपशिल**

| | |
|---|---|
| (क) पहिलो महिना ब्यतित भएमा | ५ (पाँच) प्रतिशत |
| (ख) दोस्रो महिना ब्यतित भएमा | १० (दश) प्रतिशत |
| (ग) तेस्रो महिना ब्यतित भएमा | १५ (पन्ध्र) प्रतिशत |

तेस्रो महिना व्यतित हुँदासम्म तोकिएको रकम नबुझाएमा ठेक्का रद्ध हुनेछ । बुझाउनु पर्ने रकम र सो वरावरको थप रकम समेत निजवाट असुल उपर गरिने छ ।

७. कवोल पत्र कर्ताले यस न.पा. मा बुझाउनु पर्ने सम्पूर्ण कर , दस्तुर महशुल सेवा शुल्क आदि बुझाई सकेको र नगरपालिकालाई कुनै तिर्नु बुझाउनु बांकी वक्यौता भएको हुनु हुदैन । त्यस्तो कवोलकर्ताको कवोल पत्र वदर गरिनेछ ।

८. ठेक्का सम्झौता गर्दा कवोल कर्ताले एकमुष्ठ रकम (सबै) बुझाएमा त्यस्ता कवाल कर्तालाई कबोल रकमको ५ (पाँच) प्रतिशत रकम छुट दिईनेछ ।

९. कवोल कर्ताले पहिलो वर्ष ठेक्का अंक रकम नै चुक्ता गर्नु पर्नेछ । दोस्रो वर्ष र तेस्रो वर्षमा कमश १० (दश) प्रतिशतले बृद्धि हुनेछ ।

१०. कवोल कर्ताले ३ (तिन) वर्षका लागि कवोल गरेको रकम एकमुष्ठरुपमा बुझाएमा ५ (पाँच) प्रतिशत रकम छुट दिईनेछ । ठेक्काको वार्षिक कवोल रकम अर्थिक वर्षको पहिलो महिना भित्रमा एकमुष्ठ रुपमा बुझाएमा १.५ प्रतिशत रकम छुट दिईनेछ । यसरी एकमुष्ठ वा वार्षिक रुपमा बुझाउन नसकेमा बाँकि तिर्नु पर्ने रकम सबैको नेपाल सरकरबाट मान्यता प्राप्त "क" वर्गको बैंकबाट रितपुर्वको परफरमेन्स वण्ड (जमानत पत्र) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । कुनै चल अचल जेथाजमानी वा सहुलियत दिईने छैन ।

११. आय मुलक भवनमा दैनिक उपभोगका सामान, रेडिमेट कपडा, थान कपडा, जुत्ता चप्पल, विजुलीको सामान, कस्मेटिक, श्रृंगारका सामानहरुको वेचविखन गर्न पाउने छ । माथिको वस्तुहरु वाहेक बढी जोखिम हुने वस्तुहरु, गैह्र कानुनी वस्तुहरु र अन्य कुनै किसिमको व्यवसाय गर्न वा राख्न वा वेचविखन गर्न पाईने छैन । माथि उल्लेख भएका वाहेक कुनै वस्तुको व्यवसाय गर्नु पुर्व नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

१२. कवोल कर्ताले कवोल अंकसाथ राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय खाँदबारीमा रहेको यस कार्यालयको धरौटी खाता नं. २०८०३०३००७१०२ मा कवोल अंकको २.५ प्रतिशत रकम धरौटी वापत जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त "क" वर्गको वैकहरुबाट यस कार्यालयको नाममा नियमानुसार जारी गरिएको १२० (एक सय विस) दिनको विडवण्ड संलग्न राख्नु पर्नेछ

१३. भवनको सामान्य मर्मत संम्भारका कुराहरु कवोल कर्ताले नै गर्नु पर्नेछ । उक्त भवनमा कुनै हानि नोक्सानी कवोल कर्ताले गर्न पाउने छैन । गरेमा सो को क्षतिपुर्ति कवोल कर्ताले नै तिर्नु पर्नेछ ।

१४. भवनको रंगरोगन कवोल कर्ता आफैले नै गर्नु पर्नेछ ।

१५. कवोल कर्ताले भवनमा रहेको विजुली, खानेपानी, टेलिफोन, आदीको महशुल, कर कवोल कर्ताले नै समयमा नै तिर्नु पर्नेछ । व्यवसाय कर अन्य कर, नियमानुसार लाग्ने कर दस्तुर महशुल आदी निज कवोल कर्ताले नै तिर्नु, बुझाउनु पर्नेछ ।

१६. शिलवन्दी कवोत्र पत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय समय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

१७. यस विषयमा विस्तृत कुरा बुझ्नु परेमा नगरपालिकाको राजश्व उपशाखामा सम्पर्क गर्नु हुन सूचित गरिन्छ ।

१८. यस सूचनामा भएका कुराहरु यसै वमोजिम हुनेछ । नभएका कुराहरु प्रचलित ऐन कानुन वमोजिम हुनेछ ।